सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/2023-2025

वर्ष ५६ गान्तोक, (शुक्रवार) २२ सेप्टेम्बर, २०२३ अङ्क ३५

## नयाँ दिल्लीमा, राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्यसित मुख्यमन्त्रीको भेट



नयाँ दिल्ली।
मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गत २० सेप्टेम्बरको दिन सिक्किम हाउस, नयाँ दिल्लीमा राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्यसँग भेट गर्नुभयो।

राज्यपालको स्वास्थ्य अवस्थाबारे जानकारी लिँदै मुख्यमन्त्रीले महिला तथा बालबालिकाको हितका लागि राज्य सरकारले सुरु गरेका योजनाहरूबारे संक्षिप्त जानकारी दिनुभयो।

त्यसैगरी अन्य विभिन्न योजना तथा कार्यक्रमका बारेमा पनि भेटवार्तामा छलफल भयो।

## परम पावन चौधौँ दलाई लामालाई सिक्किम भ्रमणको निम्ति निमन्त्रणा



धर्मशाला।
मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ, क्याबिनेट मन्त्री श्री सोनम लामा साथै राज्य सरकारका वरिष्ठ अधिकारीहरूले गत २१ सेप्टेम्बरमा परम पावन चौधौँ दलाई लामासँग उहाँको सरकारी निवास धर्मशालामा भेट गरी आशीर्वाद लिनुभयो।

सिक्किमका जनताको तर्फबाट, मुख्यमन्त्रीले यस वर्ष अक्टोबरमा सिक्किम भ्रमणको लागि परम पावनलाई न्यानो निमन्त्रणा दिनुभयो।

अन्तरक्रियाको क्रममा, मुख्यमन्त्रीले सिक्किम भ्रमणको निमन्त्रणा स्वीकार गर्नुभएकोमा परम पावन चौधौँ दलाई लामाप्रति कृतज्ञता व्यक्त गर्नुभयो, जसले भक्त र अनुयायीहरूमा व्यापक खुशी ल्याएको छ।

मुख्यमन्त्रीले समाजका सबै वर्गमा शान्ति र सद्भाव प्रवर्द्धन गर्न राज्य सरकारको अथक प्रयासको बारेमा परम पावन चौधौँ दलाई लामालाई जानकारी गराउनुभयो।

निमन्त्रणा स्वीकार गर्दै, परम पावन चौधौँ दलाई लामाले सिक्किममा आफ्नो न्यानो अनुभव र सिक्किमका जनतासँगको सौहार्दपूर्ण सम्बन्धलाई सम्झँदै सिक्किम भ्रमणको सम्भावनामा खुशी व्यक्त गर्नुभयो।

परम पावन चौधौँ दलाई लामाले मानसिक स्वास्थ्य र मानसिक शान्तिको प्रवर्द्धनका लागि बौद्ध धर्मका वैज्ञानिक अवधारणाहरूको बढ्दो चासोलाई उजागर गर्दै तर्कको माध्यमबाट बुद्ध धर्मको प्रवर्द्धनमा जोर

रहल पृष्ठ २ मा..

## नयाँ दिल्लीमा केन्द्रीय ऊर्जा मन्त्रीसित मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गर्नुभयो भेट



नयाँ दिल्ली।
मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गत २० सेप्टेम्बरको दिन नयाँ दिल्लीको श्रम शक्ति भवनमा केन्द्रीय ऊर्जा, नयाँ र नवीकरणीय ऊर्जा मन्त्री श्री आरके सिंहसँग भेट गर्नुभयो।

सिक्किमका जलविद्युत परियोजनाहरू सम्बन्धी विभिन्न चासोका बारेमा छलफल गर्दै उहाँले केन्द्रीय मन्त्रीलाई लामो समय अघि स्थापना भएका साना जलविद्युत परियोजनाहरू सञ्चालनमा आएको जानकारी दिनुभयो।

यसबाहेक, मुख्यमन्त्रीले केन्द्रीय मन्त्रीलाई प्रसारण लाइनहरूको लागि भूमि मालिकहरूलाई क्षतिपूर्तिको लामो समयदेखि विचाराधीन मुद्दाहरू समाधान गर्न राज्य सरकारको पहलको बारेमा पनि जानकारी दिनुभयो।

केन्द्रिय मन्त्रीले बारीमा पहाडी भूभागले ल्याएको चुनौतिको बाबजुद पनि राज्यको विकासमा राज्य सरकारले चालेका कदमहरूको प्रशंसा गर्नुभयो।

## नयाँ दिल्ली रेफर गरिएका बीस जना बिरामीहरूसित मुख्यमन्त्रीको भेट



नयाँ दिल्ली।
मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सिक्किम हाउस, नयाँ दिल्लीमा सिक्किम पावर डेभलपमेन्ट कर्पोरेशन लिमिटेड (एसपीडीसीएल) को सीएसआर कोषबाट चिकित्सा उपचारको लागि नयाँ दिल्ली रेफर गरिएका बीस जना बिरामीसित गत २० सेप्टेम्बरको दिन भेट गर्नुभयो।

भेटको अवसरमा सिक्किम विधान सभाका अध्यक्ष श्री अरुण उप्रेती, मुख्य सचिव श्री वी.बी.पाठक लगायत अन्य व्यक्तित्वहरूको उपस्थिति थियो।

बिरामी र उनीहरुका अभिभावकहरूसँग अन्तरक्रिया गर्दै मुख्यमन्त्रीले उनीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो।

## दलाई लामाको सिक्किम भ्रमणलाई लिएर मुख्य सचिवको अध्यक्षतामा सभा सम्पन्न

गान्तोक।
बौद्ध धर्मगुरु दलाई लामाको सिक्किम भ्रमणलाई लिएर राज्यका मुख्य सचिव भी.बी.पाठकको अध्यक्षतामा गत १८ सेप्टेम्बरको दिन एक समीक्षा सभा सम्पन्न भयो। सभामा उहाँको आगमन तयारीलाई लिएर तृणमूलस्तरमा गरिने तयारीबारे जानकारी गराइयो।

यस अवसरमा मुख्य सचिव श्री पाठकले उक्त दिनको स्थितिबारे जानकारी गराउँदै ट्राफिक व्यवस्था भीड नियन्त्रण, सुरक्षा व्यवस्था र यातायात व्यवस्थाबारे छल फल गरियो।

## सक्किम युथ कन्भेन्सन २०२३ को लोगो आधकारिक रूपमा लोकार्पित

गान्तोक।
गायक डा. मनोज राई, सञ्जय राई, सृजना राई र मोहन कुमार राईले राज्यका मुख्यमन्त्री प्रेमसिंह तामाङसँग गत १८ सेप्टेम्बरको दिन भेट गरे। सञ्जय राईको नेतृत्वमा गएको टोलीले मुख्यमन्त्रीलाई उहाँको सरकारी निवास मिन्तोगाङमा भेट गरेका थिए। भेटका क्रममा मुख्यमन्त्री र श्रीमती कृष्णराईले सिक्किम युथ कन्भेसन २०२३ को लोगो आधिकारिक रूपमा लोकार्पण गर्नुभयो। यस अवसरमा मुख्यमन्त्री तामाङले आगामी दिनमा सम्पन्न हुन लागेको सिक्किम युथ कन्भेसनको निम्ति आफ्नो तर्फबाट सबै प्रकारको सहयोग प्रदान गर्ने आश्वासन दिनुभयो। सो कार्यक्रम राष्ट्रियस्तरको हुने र विभिन्न स्थानबाट शिक्षाविदहरूलाई अतिथिको रूपमा आमन्त्रित गरिने भएको छ। राज्यमा पहिलोपल्ट हुन लागेको यस कन्भेन्सनलाई भव्यरूपमा पालन गर्नुपर्ने उहाँले आग्रह गर्नुभयो। उक्त कन्भेन्स आगामी १६-१७ अक्टोबरको दिन राजधानीस्थित मनन केन्द्रमा आयोजना हुने भएको छ।ḁ

## नीति आयोगको आकाङ्क्षी ब्लक कार्यक्रम सम्पन्न

नाम्ची।
नीति आयोगको आकाङ्क्षी ब्लक कार्यक्रमअन्तर्गत तीनवटा ब्लकका ब्लक विकास रणनीतिहरूको प्रगति समीक्षा गर्न जिल्लापाल नाम्चीको कार्यालयमा गत २१ सेप्टेम्बरको दिन बैठक बस्यो।
बैठकमा नीति आयोगका सिक्किम राज्यका नोडल अधिकारी श्री भाष्कर जे कश्यप, नीति आयोगका सहायक निर्देशक डीएम, नाम्ची, श्री.एम.भरणीकुमार, अतिरिक्त जिल्लापाल विकास, सोरेङ, श्री गयास पेगा, निर्देशक, एसआइआरडी, श्री विशाल मुखिया, र अन्य अधिकारीहरूको उपस्थित थियो

औपचारिक स्वागत कार्यक्रमपछि, नाम्ची, अरिथाङ चोङ्राङ र चुम्बोङ च्याखुङका ब्लक अधिकारीहरूले नीति आयोगको आकाङ्क्षा ब्लक कार्यक्रम (एबीपी) अन्तर्गत 'ब्लक विकास रणनीति' को दस्तावेजमा प्रगति प्रस्तुत गरे। ब्लकहरूले अवसर र चुनौतीहरू पहिचान गर्न र ब्लकहरूमा रूपान्तरणात्मक परिवर्तनहरू ल्याउन अभिनव समाधानहरू पहिचान गर्न डीएम गेजिङ, डीएम नामची र डीएम सोरेङको निरीक्षणमा सञ्चालन गरिएका धेरै चिन्तन शिविरहरूको नतिजाहरू प्रस्तुत गरे।

नीति आयोगबाट सिक्किमका लागि नोडल अफिसर, श्री भास्कर जे. कश्यपले आफ्नो सम्बोधनमा सिक्किमलाई एबीपी पहलमा अग्रपंक्तिको रूपमा प्रशंसा गर्नुभयो। उहाँले खण्डको विकास रणनीति तयार गर्ने सम्बन्धमा बीएलओ-लाई मद्दत गर्नको लागि संक्षिप्त टिप्पणी गर्नुभयो र चिन्तन शिविरको समयमा निदान गरिएका सबै महत्वपूर्ण कुराहरूलाई अगाडि बढाउन सुझाव दिनुभयो। उहाँले बीडीएस २५ सेप्टेम्बर भित्र तयार गरी ३० सेप्टेम्बर, २०२३ सम्म नीति आयोग पोर्टलमा अपलोड गर्नुपर्नेमा जोर दिनुभयो।

## परम पावन चौधौँ......

दिनुभयो। हरेक वर्ष सेप्टेम्बर २१ लाई 'अन्तर्राष्ट्रिय शान्ति दिवस' का रुपमा मनाउने गरिन्छ।
मुख्यमन्त्रीको साथमा चर्चा विभागका मन्त्री श्री सोनम लामा, मुख्य सचिव श्री वीबी पाठक, सुधार आयोगका अध्यक्ष श्री टी. गेलेक (रिन्पोछे), आवासीय आयुक्त श्री एके चन्द, सीएमओ सचिव श्री एसडी ढकाल, चर्चीय विभागका सचिव डा. पासाङ डी. फेम्पु, अध्यक्ष, सिक्किम उर्जा लिमिटेड श्री सुनील सरावगी, र अन्य अधिकारीको उपस्थिति थियो।

## राज्यस्तरीय तीज महोत्सव सिङतामको गोलीटारमा भव्य रूपमा पालन



पाकिम।
गत १८ सितम्बरको दिन सिङतामको गोलीटारमा राज्यका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ अनि उहाँकी पत्नी श्रीमती कृष्णा राईले राज्यस्तरीय तीज महोत्सव समारोहमा आफ्नो उपस्थिति दिएर कार्यक्रमको शोभा बढ़ाउनुभएको थियो।

यो त्यौहार शक्ति, ऊर्जा, पोषण, सद्भाव, प्रेम, सौन्दर्य, भक्ति अनि मातृत्वकी हिन्दू देवीको सम्मानमा मनाइन्छ। उनी महादेवीको भौतिक प्रतिनिधित्व हुन्, जसलाई आदि शक्तिको रूपमा पनि चिनिन्छ, जो ब्रह्माण्डको निर्माण, निर्माता अनि विध्वंसको पछाडिका मौलिक शक्ति हुन्।

सभालाई सम्बोधित गर्दै मुख्यमन्त्रीले महिलाहरू अत्यन्त सम्मान र मर्यादाका साथ जीवनमा अगाडि बढिरहेको बताउँदै उनीहरूको लगनशीलता र दृढ सङ्कल्पको प्रशंसा गर्नुभयो। उहाँले महिलाहरूको अपरिहार्य भूमिकामाथि जोर दिनुभयो, जसको बिना, समाजले यसको सबै अर्थ गुमाउँछ।

उहाँले राज्य सरकारका महिला-केन्द्रित पहलहरू, जस्तै आमा योजना, बाहिनी योजना, वात्सल्य योजना अनि अन्यधेरै योजनाहरूमाथि प्रकाश पार्नुभयो,जसको उद्देश्य सिक्किमका महिलाहरूलाई सशक्त बनाउनुअनि उत्थान गर्नु हो, उनीहरूलाई अटूट भावनाका साथ आफ्नो प्रेरणादायक यात्रामा हिंडिरहनका निम्ति प्रोत्साहित गर्नु हो। यसअघि, आयोजन समितिले मुख्यमन्त्रीलाई उहाँको समर्थनको निम्ति सम्मान जनाएको थियो, जसलेयस क्षेत्रको सांस्कृतिक विरासतलाई अपनाउन अनि संरक्षित गर्नमा सरकारको प्रतिबद्धतालाई प्रदर्शित गर्दै कार्यक्रममा प्रतिष्ठाको एउटा महत्वपूर्ण रूपथपको थियो।

यस्तै प्रकारले मुख्यमन्त्रीले पारम्परिक नृत्य प्रतियोगिताका विजेताहरूलाई ट्रफी अनि नकद पुरस्कार वितरण गर्नुभयो, जसमा गेजिङ जिल्लाले पहिलो स्थानमा जबकि पाकिम जिल्लाले दोस्रो स्थानमा,गान्तोक जिल्लाले तेस्रो, नाम्ची जिल्लाले चौथो, सोरेङ जिल्लाले पाँचौं अनि मङ्गन जिल्लाले छैटौं स्थान प्राप्त गरेका थिए।
कार्यक्रममा विधानसभा अध्यक्ष श्री अरुण उप्रेती, विधानसभा उपाध्यक्ष श्री साङ्गे लेप्चा, क्याबिनेट मन्त्रीगण, विधायकगण, सल्लाहकारगण, अध्यक्षगण, राजनीतिक सचिव, अध्यक्षगण,उपाध्यक्षगण, प्रेस सचिव, अतिरिक्त राजनीतिक सचिवगँ, पार्टी पदाधिकारीगण, अन्य गणमान्य व्यक्तिहरू, अधिकारीगण अन्य मानिसहरूको उपस्थितिरहेको थियो।

## एशियाई पर्यटन मेला (एटीएफ) का प्रतिभागीहरूले पर्यटन मन्त्रीसित भेट

गान्तोक।
गत १९ सितम्बरको दिन पर्यटन एवम् नागरिक उड्डयन विभागको पर्यटन भवनमा एशियाई पर्यटन मेला (एटीएफ) का प्रतिभागीहरूले पर्यटन अनि नागरिक उड्डयन मन्त्री श्री बी.एस. पन्तसँग भेटघाट गरे।

एशियाई पर्यटन मेला (एटीएफ) एउटा असाधारण मञ्च हो, जसले एशियाई देशहरूका पर्यटन क्रेता अनि विक्रेताहरूलाई आफ्ना नवीनतम उत्पादहरू अनि सेवाहरूलाई प्रदर्शित गर्नका लागि अपार अवसर प्रदान गर्दछ। यसवर्ष, यो कार्यक्रम २१ देखि २३ सितम्बर २०२३ सम्म इन्टरनेशनल कन्वेन्शन सिटी,वसुन्धरा,ढाकामा सम्पन्न भइरहेछ।

सिक्किमदेखि कुल १८ सरोकारवालाहरूले मेलामा भाग लिएका थिए अनि बुधवारको दिन ढाकाको निम्ति आफ्नो यात्रा सुरु गरे।
मन्त्री श्री बी.एस.पन्तले प्रतिभागीहरूलाई शुभ कामना व्यक्त गर्दै उनीहरूसित यसको अधिकतम लाभ उठाउने आग्रह गर्नुभयो।

एसटीडीसीका अध्यक्ष श्री लुकेन्द्र रसाईलीले आफ्नो सम्बोधनमा पर्यटनको क्षेत्रमा वृद्धि अनि विकासका लागि आफ्नो स्थायी प्रतिबद्धताको निम्ति मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ अनि पर्यटन मन्त्रीको आभार व्यक्त गर्नुभयो। उहाँले भन्नुभएअनुसार एशियाई पर्यटन मेला एउटा यात्रा प्रदर्शनी हो, जसले उत्कृष्ट व्यावसायिक नेटवर्किङको निम्ति संसारभरिदेखि मानिसहरू, कर्पोरेट अनि विकास सङ्गठनहरूलाई एकसाथ ल्याउँदछ।

उहाँलेयस प्रदर्शनीको माध्यमबाट अन्य देश, स्थान अनि क्षेत्रहरूका मानिसहरूबीच सम्बन्ध स्थापित गर्नमा एकदमै महत्व साथै अवसर भएको बताउनुभयो।

बी २ बीर बी २ सीमाथि केन्द्रित रहेको मुख्य प्रदर्शनीमा हरित पहल, समुदायमा आधारित पर्यटन मार्ट, पर्यटन सीपसम्बन्धी सम्मेलन, सेमिनार, कार्यशाला र सांस्कृतिक आदान-प्रदानलगायत अन्य अतिरिक्त कार्यक्रमहरूद्वारा संवर्धित भएको उहाँले थप बताउनुभयो।

सो दिनको कार्यक्रममा पर्यटन एवम् नागरिक उड्डयन विभागका सचिव श्री प्रकाश छेत्री, पर्यटन एवं नागरिक उड्डयन विभागकी अतिरिक्त सचिव श्रीमती वन्दना छेत्री अनि सोही विभागकी उप सचिव श्रीमती छुङ्कुला भोटिया पनि उपस्थित हुनुहुन्थ्यो।

# गणेश चतुर्थी विशेष

– दिवाकर प्रधान

चाकड़ी-चाप्लुसी, स्तुतिगान र सन्निकटताबाट आफ्नो स्वार्थ पूरा गर्ने प्रवृत्तिलाई गणेशवाद, गणेश-संस्कृति र गणेशप्रवृत्ति भनिएको पाइन्छ । यो अवसरवादी चिन्तनको प्राचीन रूप हो । गणेशको चिनारी आर्य र खस-किरातमा आ-आफ्नै ढङ्गका छन् । प्राचीन खस-किरात प्रकृति पूजक नै थिए । आर्यपूर्वको जनजातीय भारतीय समाज प्रकृति पूजासित नै सम्बन्धित थियो । हरप्पाको धार्मिक परम्परामा हात्ती, गैंडा, बाघ र गोरु पुजेका दृष्टान्त पाइएका छन् । सिन्धु सभ्यतामा नागपूजा र गोरुपूजा प्रचलित थियो । सिन्धु सभ्यतामा गोरुकै धेर महत्त्व थियो । आर्यको आगमनदेखि मात्र भारतीयले घोड़ा देखे । भारत स्वयम्मा सम्पन्न हुनाले गाँस-वास कपासको खोजीमा टाड़ा जानु परेन । यस कारण घोड़ा चाहिएन । आक्रमणकारीहरूले चाहिँ घोड़ा उपयोगमा ल्याउनैपर्ने बाध्यता थियो । सिन्धु उपत्यकामा अहिलेको शिवजस्तै पशुप्रेमी पशुपतिसित वरिपरि थुप्रै पशु भए पनि गोरु सर्वप्रिय थियो भन्ने दृष्टान्त धेरैले अग्रसारित गरेका छन् ।

भारतमा पशु-पक्षीलाई विभिन्न विधिले पुजिआएको पाइन्छ । अवतारका रूपमा – मत्स्य, कुर्म, वाराह; देवदेवीका वाहनका रूपमा – हाँस, नन्दी, सिंह, बाघ, मुसा, गरुड़, लाटकोसेरो आदि; पशुपर्व पनि हुन्छन् – नाग पञ्चमी, काग तिहार, कुकुर तिहार, गाई तिहार, गोरु तिहार; देवताकै रूपमा हनुमान भनेर बाँदर, गणेश भनेर हात्ती पुजिन्छन् ।

ग्रीस र प्राचीन रोममा थुप्रै पशु-पक्षी देवता देवी छन् । रोमन साम्राज्य ई.३१२-मा इसाई घोषित भएपछि एकदेववादी बन्यो अनि प्राचीन देव देवता लुप्तप्रायः भए । ग्रीसकी विद्यादेवी एथेनालाई लाटकोसेरो मन पर्दथ्यो । ईशुलाई मन पर्ने पशु भेड़ा, कृष्णलाई मन पर्ने गाई, इस्लामी कथाहरूमा उँट हुन्छन्। ग्रीककी देवी आतेमिसलाई भालु मनपर्छ। उतातिर कतिपय धार्मिक सम्प्रदायहरू पशुहरूकै नाममा छन् । घोड़ा, भेड़ा, राँगा, गोरु, गोहीहरू पूज्ने हामीमात्र होइनौं ।

मिस्र (इजिप्ट)-की देवी बास्तेतको टाउको बिरालोको छ, थोठ देवताको टाउको बाजको छ, सोबेक देवताको टाउको लोथर्केको छ, हाम्रो यमराजजस्तै मिस्रका कालदेव एनुबिसको टाउको स्यालको छ, हाम्रो महेशजस्तै मिस्रका प्रलयदेव अतुमको टाउको साँपको छ, उताको सूर्योदय-देव खेप्रीको टाउको भँवराको छ, एपिस देवताको टाउको गोरुको छ ।

विश्वको सबै धर्मको मूलमा प्रकृति पूजा नै छ । यसलाई जणात्मवाद वा जीववाद अर्थात् अङ्ग्रेजीमा एनिमिजम भनिन्छ । जणात्ववादीहरूले पशु, पक्षी, उद्भित्, पाहाड़, खोला नाला, जलवायु आदि पुज्दछन् । यस्तालाई गणचिह्नवाद वा टोटमप्रथा (totemism) पनि भनिन्छ । टोटम शब्द ओजिब्वे नामक मूल अमेरिकी आदिवासीको भाषाको ओतोतेमनबाट लिइएको हो । यसको अर्थ परिजन वा आफन्त हो । प्रकृतिलाई आफन्त मान्नेहरूको धर्म यसरी स्थापित भयो । भारतमा पनि धेरै समुदायमा टोटम पाइएको छ । महाराष्ट्रमा ताम्बेको पारिवारिक नाम राख्नेहरूले नागलाई कुल देवता मान्दछन् र साँप मार्दैनन् । पशु-पक्षीहरूका चिह्नलाई पूजा गर्ने जातिहरू पनि भारतमा छन् । ब्राह्मण ग्रन्थहरू लेखिन थालेपछि आर्य देवताहरू जनप्रिय हुन थाले । प्रकृतिलाई मानवीकरण गरेर मान्छेको रूप दिनथाले – सूर्यदेव, जलदेवता, गङ्गामाता आदि । मिथकहरूले कतिपय पशु-पक्षीलाई पनि देवतुल्य बनाइदिए । यीमध्ये गणेश एउटा देवता बने । ईसापूर्व पहिलो शताब्दीदेखि ईसाको दोस्रो शताब्दीभित्र कुनै बेला प्रकाशमा आएको देवता गणेश चौथो शताब्दीको गुप्तकालदेखि पूर्ण रूपले स्थापित भएको मानिन्छ । त्यसैबेलादेखि महायान बौद्ध र जैनहरूले पनि गणेशलाई इष्टदेव मान्न थाले । इ.पू. पहिलो शताब्दीको इण्डो-ग्रीक सिक्कामा एउटा हात्तीको टाउको भएको मानवरूपी आकृतिलाई केही विद्वानले प्रारम्भिक गणेशका रूपमा प्रस्तावित गरे तर आस्थावादीहरू विरोध गर्दछन्। अर्कोतिर मथुरा र भारतबाहिर पुरातात्विक खननबाट प्राप्त साक्ष्यहरूको आधारमा गणेश दोस्रो शताब्दी इसाब्दतिर भारत अनि दक्षिणपूर्व एशियामा नवोदित देवता रहेको मानेका छन्।

हिन्दू मिथकअनुसार गणेश शिवजी र पार्वतीका छोरो हुन् । उनको वाहन डिङ्क नामक मुसो हो । गणका स्वामी हुनाले उनको एउटा नाम गणपति पनि छ । ज्योतिषमा यिनलाई केतुका देवता मानिन्छ । हात्तीको टाउको हुनाले यिनलाई गजानन पनि भनिन्छ । बाबु-आमालाई संसार मान्ने गणेशले बाबु-आमाकै वरिपरि घुमेर संसार घुम्ने प्रतियोगितामा पहिलो भएर शुभ कार्यमा गणेशको नाम लिनुपर्ने वरदान पाएका थिए । शास्त्रअनुसार यिनी प्रथमपूज्य हुन् । गणेशको उपसना गर्ने सम्प्रदायलाई गाणपत्य भनिन्छ । पाँचौँ शताब्दीभन्दा अघि उत्तर भारतमा गणेशका दाजु ठानिने अनि दक्षिण भारतमा भाइ ठानिने कार्तिकेय अर्थात् स्कन्ध प्रमुख सामरिक देवता थिए। बिस्तारै उनको महत्त्व घट्दैगयो, गणेश ख्यात हुँदैगए। हेरदाहेर्दै गणेश महर्षि व्यासरचित महाभारतका संकलक, संपादक र लिप्यङ्कनकार पनि बने।

मिथकअनुसार गणेशलाई पार्वतीले रचना गरिन्। हात्ती टाउके छोरोलाई गङ्गा नदीमा डुबाइदिइन्। गङ्गाले पनि छोरो मानिन्। दुईजना आमा हुनाले गणेशलाई द्वैमातुरा भनियो। लक्ष्मीले पनि दत्तक पुत्र मानिन्। आफ्नै १८ छोरा र २ छोरीभन्दा धेरै गणेशलाई काखी च्यापिन्। आफूसँगै गणेशको पनि पूजा होस् भनिन्।

गणेशलाई प्राचीनता दिन ब्राह्मण गन्थहरूमा सिंहमा चढ्ने गणेश सत्ययुगमा पनि थिए भनिएको छ। त्रेता युगमा मजुरमा चढ्ने थिए। द्वापर युगमा मुसोमा चढ्ने बने। कलियुगको अन्त्यमा धूम्रवर्ण वा शूर्पकर्ण नामका गणेशले जन्म लिनेछन्। उनी देवदत्त नामको नीलो रङ्गको घोड़ोमा चढेका हुनेछन्।उनका चार हातमा खड्ग हुनेछ। गणेश पुराणमा वाहन मुसो पूर्वजन्ममा क्रोञ्च नामका गन्धर्भ थिए भनिएको छ।

शास्त्रअनुसार गणेशजीका दुइजना पत्नी छन् – ऋद्धि र सिद्धि – विश्वकर्माका पुत्री। ऋद्धि भनेको भाग्य, सफलता र सम्पन्नता हो, सिद्धि भनेको पूर्णता, कौशल, क्षमता र ऋणमुक्ति हो । यिनीहरूका दुइजना छोरा छन् – शुभ र लाभ अनि छोरी सन्तोषी।

ऋद्धिलाई लक्ष्मीको अवतार मानिन्छ । लक्ष्मी आठवटा छन् – १) आदिलक्ष्मी, २) धनलक्ष्मी, ३) धान्यलक्ष्मी, ४) गजलक्ष्मी, ५) सन्तानलक्ष्मी, ६) वीरलक्ष्मी, ७) विजयलक्ष्मी, ८) विद्यालक्ष्मी।

शास्त्रमा मान्य आठ सिद्धि छन् – १) अणिमा – साधक लागिपरेर कठिन काम आँट्न सक्नु । २) महिमा – योगी योग्यता प्राप्त गर्नु । ३) गरिमा – साधक आफू गह्रौंगो बन्न सक्नु । ४) लघिमा – सक्दो हलुको बन्न सक्नु । ५) इच्छित – पदार्थ प्राप्ति गर्न सक्नु । ६) प्राकाम्य – आफ्नो इच्छाले पृथ्वीमा टिक्नु र, आकाशमा पनि उड्न सक्नु । ७) ईशित्व – अनुशासित भएर सबैमा शासन गर्ने सामर्थ्य राख्नु । ८) वशित्व – अरूलाई वशमा राख्नु ।

मिथकले गणेश मूलमा आर्यका देवता होइनन् भन्दछ। उनी अनार्य देवता किरातेश्वर शिवका छोरा हुन् र मातृप्रधान अवस्थामा औपचारिक बाबुको सन्तान नभए पनि आमाले तिम्रै छोरा त हो ! भनेपछि मान्नुपर्ने चलनअनुरूप शिवले स्विकारेका थिए। गणेश कति पुराने चौता हुन् भन्नेबारे पुरातत्त्व र नृशंसशास्त्रले ईसापूर्व २ हजार वर्षअघि पश्चिम एशियामा अस्तित्वमा रहेको मानेको कनेश नगर गणेशकै नामको हो भनेको पाइन्छ। कनेशको नाम अहिले कुल्टेप भएको छ । पुरानो कनेश पुरानो एसियाको क्षुद्रेसिया (अहिलेको टर्की)-मा छ । प्राचीन एन्टोलिया, ओसिरिया र मेसोपोटामियाबिच व्यापार हुनेको केन्द्रमा कनेश थियो । मध्य एसियाको पुरानो एनाटोलियाका आदिवासी थिए हत्ती । गणेशलाई केनाली मूलका हात्तीसुँड़े द्यौता मानिन्छ । आदिवासी हत्तीले त भारोपीय परिवारको भाषा पनि बोल्दैनथे । उनीहरूको भाषा सर्कसियन भाषा समूहमा पर्दथ्यो ।

पश्चिम एशियाको कनेश इ.पू.२००० वर्ष पुरानो हो भने भारतको गणेशबारे अन्वेषकहरूको बेग्लाबेग्लै मत छ। कसैले पहिलो शताब्दी इसापूर्वदेखि भारतमा गणेश परम्परा थालिएको मान्दछन् भने कतिले दोस्रो शताब्दी इसाब्दलाई मान्दछन्। गणेश गुप्त कालमा अर्थात् इसाब्द चौथो र पाँचौं शताब्दी स्थापित भइसकेका प्रमाण धेरै पाइन्छन्। कविहरूले वैदिक र पूर्व-वैदिक पूर्ववर्तीहरूबाट गणेशमा गुण थप्दैलगेका छन्। यी कुरा ए.के. नारायणको 'Gaoesha: -Protohistory of the खवशर रपव the Icon' लेखमा लेखिएका छन्। यो लेख रोबर्ट एल. ब्राउनद्वारा सम्पादित Ganesh: Studies of an -sian God (१९९१) नामक ग्रन्थमा सङ्गहीत छ। गणेशलाई जैन र बौद्धसहित ॐकार परिवारका सबै सम्प्रदायले मान्दछन्। गाणपत्य परम्परामा गणेश सर्वोच्च प्राणीका रूपमा मान्य छन्।

प्रो. बालकृष्ण पोखरेल भन्दछन् : हात्तीटाउके देउताको सन्दर्भमा – हात्तीटाउके देउता गणेशको नामको गण-तत्त्व केनानी मूलको एक विकल्प (गन) हो भन्ने तर्क यहाँ दोहोऱ्याउनु परोइन । यो देउता हरेक दृष्टिले क्षुद्रेसियाली हस्ती मूलको हो र केवल यसको नाम मात्र केनानी मूलको हो भन्ने तर्क पनि यहाँ विस्तारका साथ पेस्नु नपर्ला । पश्चिमी एसियाको कनेश (घरपशीह) भन्ने स्थल यदि गणेशकै पर्याय हो भने यस देउताको नामको अर्को (कन) विकल्प पनि फेला परेको ठहरिन्छ । ... केनानी मूलको देवता गणेशले आफूलाई नाम प्रदान गर्ने केनिमूलीय व्यापारी (पणि, फणीश, बनिया, प्युनिक अथवा फोनेसियन)-हरूप्रति अझै स्नेह दर्साएको प्रस्टिन्छ, किनभने गणेश मूलतः आज व्यापारीहरूको ऋद्धि, सिद्धि तथा शुभ-लाभसँग सम्बन्धित देउता छ । गणेशको वैदिक भूमिका अग्निस्थापनादि पूजाआजामा देखा पर्ला, तर सिङ्गै गणेशपुराण र जम्मै गणेश-गीता मूलतः केनिमूलीय छ । त्यहाँ वैदिक वाच्यार्थ (गणको पति)-को सार्थकता नगण्य छ ।

अब यहाँनेरि गणेशको प्रिय व्यापारिक चिह्न स्वस्तिकको पनि चर्चा आवश्यक होला । यो स्वस्तिक अरुण उपासनाबाट उत्सृत भए पनि यो बड़ो गजबले केनानी व्यापारीहरूमाझ पुग्न सक्यो । यसलाई त्यहाँ पुऱ्यायो अवश्य गणेशले । विनता नामकी पक्षीका पुत्र मानिने अरुण (Ouranos) र गरुड़ (Gordius) दुवैको चासो सुनसँग भएको कुरो संस्कृत सुनवाची शब्द गारुड़ (Gold) र आरुण बताउँछन् । व्यापारी समाजमा प्रचलित स्वस्तिकको चिह्न (卐)-लाई नियालेर हेर्दा त्यो अझै पनि दुई पखेटा फैलाएर अनि पुच्छर र टाउको तन्काएर आकाशमा उड़िरहेको चरोझैँ देखिन्छ । किन-बेचशिल्पी (केनानी)-हरूले स्वीकार गरेका छ प्रकारका गणपतिमध्ये एक गणपतिको नाम स्वर्ण भएको कुरो माथि बताइसकिएको छ । स्पष्टतः यो स्वस्तिक तिनै स्वर्ण नामक गणपतिको प्रतीक हो, जसको नामको निर्वचन 'सु अरुण'-को सन्धिमा आधारित हुन सक्छ ।

गणेश भनेको गणको ईश हो। गण भनेको समूह, भीड़ वा श्रेणीबद्ध प्रणाली हो अनि ईश भनेको भगवान् वा स्वामी । गणेशसित जोड़िएको गण अर्ध-दिव्य प्राणीहरूको एउटा समूह हो जो गणेशका पिता शिवका अनुचरको अंश हो। यस दृष्टिले गणेश एउटा समूह विशेष वा निर्मित श्रेणीका भगवान् हुन्। अमरकोशमा गणेशका आठ पर्यायवाची शब्द सूचीबद्ध छ : विनायक (विशिष्ट नायक), विघ्नराज (बाधामा पनि राज गर्ने), द्वैमातुरा (जसका दुई माता छन्), गणधिप (गणहरूमा ज्ञानी), एकदन्त (जसको एउटा दाँत छ), हेरम्बा (रम्बा अर्थात् दुर्बलका रक्षक), लम्बोदर (जसको पेट लामो छ) र गजानन (हात्ती टाउके)। पुराणहरूमा ३२ गणेशको उल्लेख पाइन्छ। काशीमा भिन्नभिन्न ५६ गणेश मन्दिर छन् भनिन्छ। कोशहरूमा गणेशबारे पर्यायवाची शब्द धेरै छन् र अर्थपूर्ण पनि : अम्बिकेय, आम्बिकेय, आखुवाहन, इभानन, इरेश, एकदन्त, करिवदन, काममाली, गजकर्ण, गजमुख, गजवदन, गजशीश, गजानन, गणनाथ, गणनायक, गणपति, गणेश, गणेश्वर, गौरीज, द्विदेह, द्विपास्य, द्विमातुर, द्विमातृज, द्वैमातुर, नवनीत-गणप, नागमुख, पृथ्वीगर्भ, भालचन्द्र, मङ्गलारम्भ, महागणपति, मूषकवाहन, लम्बोदर, वक्रतुण्ड, वक्रतुण्ड, वारणानन, विघ्नजीत, विघ्ननायक, विघ्ननाशक, विघ्ननाशन, विघ्नपति, विघ्नविनायक, विघ्नेश, विघ्नेश्वर, विनायक, वृषकेतन, श्रीगणेश, सिन्धुरवदन, हरिहय, हेरम्ब, हेरुक।

तमिल भाषामा गणेशलाई पिल्लै (नानी) वा पिल्लैयार (पवित्र पुत्र) भनिन्छ। तमिलबाहेक अरू द्रविड परिवारका भाषामा गणेशलाई पल्लू, पेल्लु, पेल भनेको हात्तीको दाँत वा दाह्रा रहेछ। तमिलका यी नामका पिल्लै र पिल्लैयार नाम पालि भाषाको पळ्ळक (किशोर हात्ती) शब्दबाट आएको मानिन्छ। पालिको महा विनायक शब्दबाट बर्मेली गणेशलाई मह पेइन्ने बनिएको मानिन्छ। थाइल्याण्ड, काम्पुचिया, भिएतनाम, श्रीलङ्कातिर पनि गणेशलाई अरू नामले पुजिन्छ।

प्रतीक रूपमा गणेश –

गणेश जन्मबाटै परात्पर चेतना (transcendental consciousness) हुन् । यिनलाई शिव र पार्वतीको छोरो भन्ने कथा बनाइएको पाइन्छ । शिव भन्नु आत्मा (supreme self) हो । पार्वती हुन् पर्वतकी छोरी अर्थात् शक्ति । गणको ईश गणेश आफूमा राख्नपर्ने हो, त्यो हो सशक्त आत्मा ।

गणेशको मूर्ति नै प्रतीकात्मक छ । गणेशको मूर्तिबाट सदाचारको शिक्षा यसरी लिन सकिन्छ –

हात्तीलाई ज्ञानी पशु मानिन्छ । हात्ती ज्ञानको प्रतीक हो। हात्तीको टाउको हुनाले गजानन भनिएको थाहा भएकै हो । ठूलो निधारले उच्च विचार राख्नू भन्ने सिकाउँदछ । ठूलो कान हुनु भनेको सबैका विचार सुन्ने हुनू भनेको हो । त्यो हो ग्राह्य शक्ति – प्रशंसा र निन्दालाई बराबर सम्झेर लिनसक्नुपर्ने शिक्षा ठूलो कानले दिँदछ । ठूलो भुँडी भनेको प्रशंसा र निन्दालाई एउटै मानेर पचाउनु हो । साना आँखा हो जीवनमा सूक्ष्म दृष्टि राख्ने प्रेरणा । लामो नाकको अर्थ हो दुर्गन्ध (विपदा)

रहल पृष्ठ ४ मा..

# गभर्नर ब्याडमिन्टन च्याम्पियनशिपको निम्ति बैठक सम्पन्न

गान्तोक।
आगामी तेस्रो गभर्नर ब्याडमिन्टन च्याम्पियनशिप, २०२३ को सन्दर्भमा राज्यपालको सचिवालयले राजभवनका सचिव श्री जेडी भोटियाको नेतृत्वमा गत २० सेप्टेम्बरको दिन बैठक बोलाएको थियो। च्याम्पियनसिप सिक्किमको ब्याडमिन्टन एसोसिएसनसँगको सहकार्यमा ३ देखि ५ अक्टोबर २०२३ सम्म हुने छ।

ब्याडमिन्टन च्याम्पियनसिपमा चार विधाहरू हुनेछन्: राजभवन ब्याडमिन्टन हलमा प्रतिस्पर्धा गर्ने राजनीतिक नेताहरू र उपसचिव र माथिका अधिकारीहरूका लागि डबल्स; खुला पुरुष र महिला एकल; र पाल्जर स्टेडियमको इनडोर हलमा मिश्रित डबल्स खेलिनेछन्।

च्याम्पियनसिपको फाइनल खेल पाल्जर स्टेडियमको इनडोर हलमा हुनेछ। जसमा विजेताले ट्रफी, ब्याडमिन्टन किट, (स्वर्ण, रजत र कास्य) पदकसहित प्रमाणपत्र प्राप्त गर्नेछन्।

आयोजक समितिका अध्यक्ष श्री जेडी भोटियाले प्रतियोगितामा समाजका सबै क्षेत्र, विशेष गरी व्यक्तिहरूको व्यापक सहभागितालाई प्रोत्साहित गर्न प्रतियोगिताको व्यापक प्रचारप्रसार गर्न अपिल गर्नुभयो।

सचिवले भन्नुभयो, यो एक किसिमको गभर्नर ब्याडमिन्टन च्याम्पियनसिप कप भएको हुनाले ब्याडमिन्टन विश्व महासंघको नियम अनुसार यसलाई विश्वव्यापी रूपमा प्रदर्शन गरिनेछ,

यसबाहेक, प्रतिष्ठित ट्रफीलाई राष्ट्रिय खेलाडीहरूको ध्यानाकर्षण गर्न एसोसिएसन अफ सिक्किमको रोस्टरमा समावेश गरिनेछ। सिक्किमको ब्याडमिन्टन संघका कार्यकारीहरूले यसलाई जोड दिएका थिए। कुनै पनि सोधपुछको लागि, फारमहरूसँग सम्बन्धित सहभागीहरूलाई ब्याडमिन्टन एसोसिएसन अफ सिक्किमका कार्यकारीहरूसँग badmintonsikkimgmail.com मा सम्पर्क गर्न वा निम्न फोन नम्बरमा सम्पर्क गर्न अनुरोध गरिएको छ: ९४७४३५०११८।

पत्रकार सम्मेलनमा बीएएसका अध्यक्ष श्री सी जाङ्पो, बीएएसका महासचिव, टुर्नामेन्ट निर्देशक श्री सुकान्त दास, उपसचिव श्री दिवास गौतम, राजभवनका जनसम्पर्क अधिकृत श्रीमती लगायतका कार्यकारिणी सदस्यहरूको पनि उपस्थिति थियो।

# मानसिक स्वास्थ्यसम्बन्धी जागरूकता कार्यक्रम सम्पन्न

सोरेङ।
सोरेङ वरिष्ठ माध्यमिक स्कूलमा गत २१ सितम्बरको दिन रिपल्स अफ चेञ्जफाउण्डेशन (आरओसीएफ) को सहयोगमा सिक्किम सरकारको स्वास्थ्य अनि परिवार कल्याण विभागद्वारा राष्ट्रिय मानसिक स्वास्थ्य कार्यक्रम आयोजित गरिएको थियो। सो कार्यक्रममा मानसिक स्वास्थ्य जागरूकता अनि आवश्यकताहरूको आँकलनमाथि जागरूकता कार्यक्रम आयोजित गरिएको थियो।

परामर्शदाता सह सामाजिक कार्यकर्ता सुश्री बिनीता शर्माले मानसिक स्वास्थ्यको महत्वमाथि एउटा प्रस्तुति दिनुभयो अनिहाम्रो मानसिक स्वास्थ्यमा सन्तुलनको आवश्यकतामाथि जोड दिँदै दर्शकरूलाई आफ्नो जीवनको तनावसँग जुध्न आत्म-मनमाथि नियन्त्रण गर्नुपर्ने आफ्नो सुझाउ दिनुभयो। यस्तै प्रकारले सभालाई सम्बोधित गर्दैस्वस्थ अनि सुखी जीवन जिउनकालागि प्रभावी तनाउ प्रबन्धनका उपायहरूबारे पनि बताउनुभयो। यसका अतिरिक्त, सहभागीहरूले विभिन्न प्रकारका तनाउमुक्त अभ्यास र विश्रामका तकनिकहरूबारेमा सिके।

यसबाहेक, आरओसीएफका कार्यक्रम समन्वयकश्री प्रताप सिंह तामाङले सभामा उपस्थित सबैलाई कुनै पनि बिमारीबाट पीड़ित मानिसहरूप्रति दया देखाउने आग्रह गर्नुभयो, ताकि उनीहरूले यस्ता चिकित्सा समस्याहरूमाथि नियन्त्रण पाउनमा सहायता पुन सकून्।

कार्यक्रममा डा. पी.बी. छेत्री (प्रधानाध्यापक) अनि संकाय सदस्यहरू, रिङ्कु राई (मानसिक स्वास्थ्य परामर्शदाता) सीएचसी अनि यमुना दुङ्गेल (परामर्शदाता), सिक्किम सरकारी बी.एड. कलेजका शिक्षकवर्ग, लाइन विभागका अधिकारीवर्ग, पञ्चायतहरू, एसएचजी सदस्य अनि साधारण जनताको उपस्थिति रहेको थियो।

थर्पू सीनियर सेकेण्डरी स्कूलकाविद्यार्थीहरूको निम्ति पनि यस्तै प्रकारको कार्यक्रम गत २० सितम्बरको दिन सफलतापूर्वक आयोजित गरिएको थियो भने २२ सितम्बरको दिन सोही कार्यक्रम टिम्बुरबुङ सेकेण्डरी स्कूलमा आयोजित गरिएको थियो।




# गणेश चतुर्थी विशेष...

टाड़ैबाट चाल पाउने शक्ति। अघिबाटै सूचित भएर सुरक्षाको युक्ति विकसित गर्नुपर्ने शिक्षा। गणेशका दुइटा देखिने दाँत छन् - एउटा पूरा अर्को टुक्रे। अखण्ड अर्थात् नटुक्रेको पूरा दाँत श्रद्धाको प्रतीक हो अर्थात् श्रद्धा सधैं चाहिने। खण्डित दाँत हो बुद्धि। एकपल्ट बुद्धि भ्रमित भए पनि श्रद्धा नडगमगाउने - विकलाङ्गतालाई बुद्धिले जित्ने। हातको लड्डु भनेको मीठोको संकेत हो। ज्ञानलाई लड्डुजस्तै मीठो मानेर लिनू भनिन्छ। मुसो हो कुनै पनि चीज चिरफार गर्ने अर्थात् विश्लेषण गर्ने। डोरीका गाँठा पनि टोकेर फुकालिदिनु सक्ने भनेको शास्त्रको अर्थ खोलिदिने शक्ति हो। सजिलोमा बुझ्नुपर्दा अमूर्त ज्ञानलाई मानकीकरण गरेर मूर्त गणेश बनियो।

गणेशको पूजा भारतबाहिर नेपाल, इन्डोनेसिया, भियतनाम, बर्मा, चीन, जापान, र अफगानिस्तान आदि देशमा पनि हुन्छ। गणेशलाई कृषिका देउता पनि मानिन्छ। ठूलो कानलाई नाङ्लो, एकदन्तलाई हलोको प्रतीक मानिन्छ।

चौथीको चकचक :

भागवतअनुसार सत्राजित नामका एकजना यदुवंशीले सूर्य भगवानको तपस्या गरेबाट स्यमन्तक मणि पाए। त्यो मणिबाट दिनहुँ सुन निस्कँदथ्यो अनि मणिका प्रभावले यदुदेश रोग, अनावृष्टि, साँप, आगो र चोरदेखि बाँचेको थियो। एक दिन सत्राजितले राजा उग्रसेनको राजप्रासादमा सबैलाई मणि देखाए। श्रीकृष्णले सोचे मणि राजा उग्रसेनसित भएको राम्रो हो। कुन्नि कसरी सत्राजितले श्रीकृष्णको मनको कुरा थाहा पाए। उसले त्यो मणि आफ्नो भाइ प्रसेनलाई दिए। एक दिन प्रसेन जङ्गल जाँदा सिंहले मार्‍यो। प्रसेन नआउँदा मानिसहरूमा चियो भयो - पक्का पनि मणिको लोभले प्रसेनलाई कृष्णले मारे। कृष्णलाई यो आरोप लागेको थियो किनभने कृष्णले चौथीको चन्द्र हेरेका थिए।

मरेको बेला प्रसेनसित स्यमन्तक मणि थियो। त्यो सिंहको मुखमा अड्केको थियो। सिंहलाई जाम्बवानले मारेर मणि आफूसित राखेका थिए। पुराण भन्छ - जाम्बवानसित मणि भएको कृष्णलाई थाहा थियो। कृष्ण जाम्बवान बस्ने गुफा पुगेर २१ दिन युद्ध भएपछि बल्ल जाम्बवानलाई श्रीकृष्ण त आफ्नै इष्टदेव श्रीरामजस्तै छन् भन्ने भान भयो। छोरीले खेल्दैगरेकी मणि कृष्णलाई फर्काइदिए। मणि ल्याएर कृष्णले सत्राजितलाई दिए अनि दोषमुक्त भए।

शिवजीले गणेशको टाउको काटेर हात्तीको टाउको लगाइदिँदा नराम्रे देखेर सुन्दर चन्द्रदेव हाँसेको देखेर गणेशले श्राप दिनाले चन्द्रमा कलङ्कित भए। ब्रह्माको प्रसाद शिवजीले कार्तिकेयलाई दिए तर प्रसाद नपाउने गणेश ठुस्केको देखेर चन्द्र हाँसे। खिसी गरेको देखेर गणेशले श्राप दिए - पनि भनिन्छ। चन्द्रले क्षमा मागे। वर्षभरिका लागि क्षमा पाए पनि भदौमा चन्द्र कलङ्कित हुने भयो। अझ चौथीको चन्द्र त हेर्नै हुन्न। हेरेमा कृष्णजीलाई जस्तै आरोप लाग्छ।

आरोप लाग्ने नै हो भने ठूलो आरोप नलागोस् तर सानै आरोप लागेर टरोस् भनेर कसैले अर्काको घरको छानोमा ढुङ्गा हान्ने, अर्काको बारीको काँक्रा चोर्ने वा सानोतिनो चकचक गरिटोपल्ने काम गर्ने गर्दछन्। यसो गरे ठूलो आरोपबाट बाँचिन्छ भन्ने लोकविश्वास छ।

गाणपत्य : गणेशलाई मूलदेवता मान्ने गाणपत्य बहुसङ्ख्यामा बस्ने ठाउँ हो दक्षिण भारत। महाराष्ट्रमा गणेशपन्थीहरू सर्वाधिक छन्।

शिवपुराणमा उल्लेख्य कथाले गणेशको महत्त्वलाई पराकाष्ठामा पुऱ्याएको छ। कथाअनुसार सबैभन्दा पहिले गणेशलाई पुजेर मात्र अरूलाई पुज्नेमा सबै हिन्दू सम्प्रदायको सहमति छ। वैदिक मन्त्रोच्चारण र स्तोत्रहरूले गणेश-महिमा गाइआएकै हुन्। मराठा साम्राज्यका संस्थापक शिवाजी (१६३०-८०)-ले गणेश पूजालाई सार्वजनिक उत्सवको रूप दिएको इतिहासले भन्छ। त्यसपछि पूणेका शासक पेशवाहरूले अप्नाएको पारिवारिक इष्टदेव हुनाले गणेश उत्सव अझ प्रचारमा आयो। पेशवाको पतनपछि गणेश उत्सवले अभिभावक पाएन। एकैचोटि भारतीय राष्ट्रिय काङ्ग्रेसका प्रमुख र प्रिय नेता, समाज सुधारक र स्वतन्त्रता सेनानी बालगङ्गाधर तिलक (१८५६-१९२०)-ले १८९३-मा गणेश चतुर्थीलाई फेरि सार्वजनिक उत्सवको रूप दिएका थिए। स्वतन्त्र भारतको उदयपछि गणेश उत्सव धुमधाम बढ्यो। अचेल त यूरोप र अमेरिकामा पनि थुप्रै ठाउँ गणेश उत्सव हुन्छन्।

गोर्खाको गणेश :

नेपालको गणेश स्थलको मन्दिर प्राचीन मानिन्छ। कुनै पनि बेला कुनै पनि देवीदेवताका पूजामा गणेशको पूजा हुन्छैहुन्छ। भदौरे शुक्ल चौथीमा मनाउने विशेष पूजा-उत्सवलाई नेवारी भाषामा चथा पूजा भनिन्छ। पुराणको चन्द्रमा र गणेश प्रकरण मानेर चथा पूजा राति गर्ने गर्दछन्। गणेश जयन्तीको रूपमा पनि यो पर्व मनाइन्छ। कतिले हरेलो मनाउँदछन्। हरेलो मगरातका राजा बलिहाङ वा राजा बलिको सम्झनामा गरिने पूजा हो। बौद्ध धर्म मान्ने भारतको गुप्तकालका जस्तै लिच्छविकालका मूर्तिहरूमा विनायकका रूपहरू छन्। नेवारहरूले नृत्य गणेश पनि मान्थे। तिब्बती तन्त्रवादमा पनि गणेशको स्थान छ। त्यहाँ महाकालसित गणेश राखिएकै हुन्छ। नेवारहरूले गणेशजीलाई एइला (घरको शुद्ध रक्सी) र खे (अण्डा) चढ़ाउँछन्। पुरोहित गर्ने बाहुनहरूले काशीमा भन्ने शङ्कराचार्यलेई श्लोकहरू सिकाउँछन्। १९७०-को दशकदेखि सत्य साईको प्रचार भएदेखि आन्ध्रेली पद्धतिका गणेशपूजन प्रणाली व्यापक प्रचारमा आयो। अचेल टीभी र इन्टरनेटले अझ के-के सिकाउँछन् के-के। ०००

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 500 Cps. 27. 04. 2023